# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०७७/०७८
च.नं. ३३०

मिति: २०७७/०८/०८

**श्री नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै**
**बुटवल उपमहानगरपालिका, नगर कार्यपालिका ।**

बिषय:- <u>निर्णयको प्रतिलिपि पठाइएको सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस बुटवल उप-महानगरपालिका नगरकार्यपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षतामा मिति २०७७०७ २७ गतेका दिनमा बसेको ६९ औं नगर कार्यपालिकाको बैठकबाट पारित निर्णयहरु यसै साथ संलग्न राखी जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

०७७/०८/०८
हरि प्रसाद आचार्य
वरिष्ठ अधिकृत

<u>वोधार्थ</u>
श्री प्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री उपप्रमुखज्यूको सचिवालय, बुटवल उपमहानगरपालिका ।
श्री बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाका महाशाखा प्रमुखहरु सबै
श्री वडा कार्यालयहरु सबै वडा नं.१-१९
श्री सुभाशिष कुँवर, कम्प्युटर ईन्जिनियर, वेभसाइटमा राखी दिनु हुन ।

बैठक नं. ६९

आज मिति २०७७/०७/२७ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ११:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | — |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित्र बहादुर गुरुङ, - का वा वडाध्यक्ष - 3
नविन थापा - का वा वडाध्यक्ष - 6

**प्रस्ताव नं. ६९.१**

**स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण र नियमन मापदण्ड सम्बन्धी निर्देशिका, २०७७ सम्बन्धमा ।**

**निर्णय नं. ६९.१**

मिति २०७७।०५।३० मा बसेको नगरकार्यपालिकाको वैठकको निर्णय नं.६५.६ अन्तर्गत टेवुल भएको स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण र नियमन मापदण्ड सम्बन्धी निर्देशिका, २०७७ माथि दफावार छलफल गरियो । छलफलमा उठेका विषयवस्तुहरुलाई तत्तत् बुदाहरुमा समावेश गर्ने गरी उल्लेखित निर्देशिका, २०७७ स्वीकृत गरियो ।

**प्रस्ताव नं.६९.२ विविध ।**

**प्रस्ताव नं. ६९.२.१**

**सडक आश्रित छाडा चौपायाको प्रारम्भिक व्यवस्थापनमा सहकार्य सम्बन्धी सम्झौता अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ६९.२.१**

सडक आश्रित छाडा पशु चौपायाको प्रारम्भिक व्यवस्थापनमा सहकार्य सम्बन्धमा मिति २०७७०७२२ मा सामुदायिक वन उपभोक्ता समूह बुटवल ७, ८, ९ र ११ सँग भएको सम्झौतालाई अनुमोदन गरियो ।

**प्रस्ताव नं.६९.२.२**

**नगर प्रोफाइल टेवुल सम्बन्धमा ।**

**निर्णय नं. ६९.२.२**

बुटवल उपमहानगरपालिका क्षेत्रको जनसंख्या, भुगोल सहितको विस्तृत अभिलेख समेट्ने गरी तयार भई प्रस्तुत हुन आएको नगर प्रोफाइल टेवुल गरियो ।

**प्रस्ताव नं.६९.२.३**

**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।**

**निर्णय नं. ६९.२.३**

बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिमको प्रयोजनको लागि गठित समितिबाट सिफारिस भई आए बमोजिम देहायका फर्म निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | श्री सिद्धवावा निर्माण तथा डिप ट्युवेल प्रा.लि. | बुटवल ११ |
| २. | श्री अल्ट्रा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | बुटवल ६ |

प्रस्ताव नं.६९.२.४

कार्यविधि, २०७५ (दोस्रो संशोधन २०७७) सम्बन्धमा ।

निर्णय नं. ६९.२.४

निजी जग्गाको माटो वा निर्माणजन्य आय खनिज पदार्थको उत्खनन ओसार पसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७५ को कार्यान्वयनको सन्दर्भमा केही बुँदाहरुमा संशोधन गर्न आवश्यक देखिएको हुँदा उक्त कार्यविधिमा देहाय बमोजिम हुने गरी (दोस्रो संशोधन २०७७) संशोधन गर्ने निर्णय गरियो ।

| परिच्छेद, दफा | हालको अवस्था | थप वा संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|
| परिच्छेद ४ को बुँदा ४.३ | क.नदीजन्य पदार्थ उत्खनन् गर्न निषेध भएको क्षेत्र<br>ख.नगर अनुगमन समितिको सिफारिसमा उ.म.न.पा.को निर्णयबाट निषेध गरेको क्षेत्र<br>ग.सरकारी प्रति जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रही भोगाधिकार मात्र भएको जग्गा ।<br>घ.निजी जग्गाको चौकिल्ला मध्ये कुनै किल्लामा सरकार सार्वजनिक जमिन रहेछ भने त्यस्तो जग्गा ।<br>ङ.कुनै जग्गामा प्रस्ताव उत्खननले प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।<br>च.कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा । | स्पष्टीकरण: खण्ड थप गरी देहाय बमोजिम राख्ने :<br>खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी जग्गासँग किल्ला जोडिएका सार्वजनिक जग्गा र सार्वजनिक कुला रहेछ भने पनि सम्बन्धित वडा समितिले अनुगमन संयन्त्र बनाई उक्त संयन्त्रको निगरानीमा यस कार्यविधि बमोजिमको प्रकिया पुरा गरी उत्खनन् गर्न दिने गरी निर्णय गरी सिफारिस गरेको अवस्थामा अनुमति दिन बाधा पर्ने छैन । | उल्लेखित खण्ड (घ) मा भएको व्यवस्थाले कुलो र सार्वजनिक जग्गाको छेउछाउमा रहेको निजी जग्गामा ढुसी जम्मा भई खेतीयोग्य जमिनमा खेती गर्न बाधा भएको भनि कृषकहरुको अनुरोध भई आएको । |

प्रस्ताव नं.६९.२.५

Online भुक्तानीको सुरुवात गर्ने सम्बन्धमा ।

निर्णय नं. ६९.२.५

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका नगरवासीहरुलाई सेवा प्रवाहमा सुविधा पुऱ्याई कर शुल्क भुक्तानी प्रणालीलाई सर्वसुलभ बनाउन समय सापेक्षित र उपयुक्त समेत हुने भएको हुँदा Online System सेवा प्रदायक मार्फत कर शुल्क भुक्तानी लिने आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.६९.२.६
बहाल कर सम्बन्धमा ।
निर्णय नं. ६९.२.६
वुटवल उप महानगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम लाग्ने बहालकर हाल वार्षिक अग्रिम रुपमा लिइदै आएकोमा नगरवासी/करदाताहरुको माग बमोजिम कर प्रशासनलाई व्यवहारिक बनाउन कम्तीमा ३ महिना भन्दा कम नहुने गरी बहाल सम्झौता बमोजिम अग्रिम बहाल कर समेत देहाय बमोजिम असुली गर्ने निर्णय गरियो ।

क) त्रैमासिक रुपमा अग्रिम वुझाउने गरी व्यवस्था गर्ने ।
ख) उल्लेखित सुविधा उपयोग गर्ने करदातालाई चालु आ.व. मा प्रदान गरिने २५ प्रतिशत छुट सुविधा नदिने ।
ग) झुठा विवरण पेश गरेमा लाग्ने करको १५ प्रतिशत थप जरिवाना लाग्ने ।

प्रस्ताव नं.६९.२.७
जग्गा संरक्षण सम्बन्धमा ।
निर्णय नं. ६९.२.७
बुटवल उपमहानगरपालिका वडा नं.११ स्थित हात्तीसुढमा विगत लामो समयदेखि अस्थायी रुपमा फोहर व्यवस्थापनको कार्य भई रहेकोमा उक्त क्षेत्रमा फिलिङ्ग गर्दा केही जग्गा उकास हुन आएको छ । फोहर व्यवस्थापन गरिएको सोही वडास्थित विनापाते स्थानमा गत ०७६ चैत्र महिनामा मिथेन ग्यास निस्किएकोले सोको नियन्त्रण गरिएको थियो । फोहर व्यवस्थापन गरिएका स्थानहरुमा व्यवस्थापनको ११/२ बर्ष देखि १५-२० बर्ष सम्ममा यसरी ग्यास निस्किने क्रम रही रहने व्यहोरा सम्बन्धित वातावरणीय विज्ञहरु मार्फत पनि जानकारी हुन आएको छ । विज्ञहरुको राय सुझाव बमोजिम पनि हात्तीसुढ वरिपरिका वासिन्दाहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी उक्त उकास जमिनमा तारवार गरी जग्गाको संरक्षण गर्न आवश्यक समेत भएको हुँदा सरसफाई शीर्षकमा विनियोजित रकमबाट खर्च गर्ने गरी तत्काल तारवार गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.६९.२.८
जितगढी किल्लाको संरक्षण सम्बन्धमा ।
निर्णय नं. ६९.२.८
बुटवल उपमहानगरपालिका वडा नं.१ स्थित ऐतिहासिक जितगढी किल्लाको वरिपरिको क्षेत्रलाई खुल्ला गरी गुरुयोजना मुताविकका कार्यहरु अगाडि बढाउनका लागि मिति २०७६।११।२३ को कार्यपालिकाको वैठकबाट निर्णय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अधिग्रहण प्रक्रिया अगाडि बढाई नेपाल सरकार पर्यटन तथा संस्कृति मन्त्रालयमा फाईल पुगेकोमा नेपाली सेनासँग प्रत्यक्ष जोडिएको उक्त किल्लाको अधिग्रहण प्रकृिया रक्षा मन्त्रालय मार्फत अगाडि बढाउँदा उपयुक्त हुने सुझावहरु समेत प्राप्त भएकोले रक्षा मन्त्रालय मार्फत

अधिग्रहण प्रक्रिया अगाडि बढाउन उपयुक्त हुने देखिएको हुँदा सोही अनुसार हुन नेपाल सरकारको सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.६९.२.९**
**चाडपर्व मनाउदा सावधानी अपनाउने सम्बन्धमा ।**
**निर्णय नं. ६९.२.९**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) ले पनि करिव एक बर्ष पार गर्न लागि सकेको छ । यस वीचमा अझै औषधि निस्कन सकेको छैन । विकसित मुलुकहरुलाई पनि महामारी विरुद्ध लड्न हम्मेहम्मे भैरहेको छ भने हाम्रो जस्तो स्रोत साधनको कमी भएको मुलुकको लागि पक्कै पनि सजिलो छैन । सरल जीवनयापन, सहनशिलता, दुखमा एक हुने परम्परा र सुरक्षा सावधानी अपनाएका कारण हामीहरु अन्य मुलुकहरुका तुलनामा हालसम्म सुरक्षित रहेको मान्नुपर्ने हुन्छ । यस महामारीलाई हामीहरुको साझा प्रयासले मात्र नियन्त्रण गर्न सम्भव हुन्छ । उपमहानगरपालिकाको अनुरोधलाई नगरवासी आमा बुवा दाजुभाई तथा दिदी बहिनीहरुले स्वीकार गरी रक्षावन्धन, हरितालिका तीज, पितृपक्ष (सोह्रश्राद्ध) दशैजस्ता चाडपर्वहरु अनुशासितपूर्वक मनाउनु भएका कारणले पनि नगर सुरक्षित रहेको छ । नगरवासीहरुको त्यस्तो सदासयता र उपमहानगरपालिका प्रतिको सद्भाव भरोसाको उच्च मूल्याकंन गर्दै गएका चाडपर्वहरु जस्तै शुरु हुन लागेका दीपावलि, नेपाल संम्वत र छठ पुजा जस्ता पर्वहरु पनि आफ्नै घरमा कोरोना रोकथामको लागि विशेष सुरक्षा सावधानी अपनाई मनाउने र दीपावलिमा देउसी भैलो समेत नखेली निकट आइपुगेका चाडपर्वहरु घरमा सामान्य अवस्थामा मनाई कोरोना नियन्त्रणमा आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउन सम्पूर्ण नगरवासी आमा बुवा, दाजुभाई तथा दिदी बहिनीहरुमा यो वैठक हार्दिक अनुरोध गर्दछ ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।